# स्थानीय सरकार

# बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## झुरझुरे, मकवानपुर

## बागमती प्रदेश, नेपाल

☎ १८५५०७२०७२
☎ १८४९१६२७७२

प.सं.: २०८१।०८२

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२८ )*

बागमती गाउँ कार्यपालिकाको मिति २०८१।१०।०१ एवं २०८२।०१।१६ गतेको निर्णयानुसार तपसिलका पदहरुमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | कार्यालय/शाखा | माग पद संख्या | मासिक सेवा सुविधा (रु.) | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०४/०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी विहीन | ०९ नं. वडा कार्यालय, बेतिनी | १ | १८,०००/- | ५००/- | |
| २. | ०५/०८१/०८२ | हेभी सवारी चालक | प्रथमस्तर | यन्त्र उपकरण व्यवस्थापन शाखा | २ | २९,२९५/- | ७००/- | |
| ३. | ०६/०८१/०८२ | विद्युत प्राविधिक | श्रेणी विहीन | प्रशासन शाखा | १ | २६,०८२/- | ५००/- | |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क) शैक्षिक योग्यता

- कार्यालय सहयोगीः सामान्य लेखपढ,
- हेभी सवारी चालकः साधारण लेखपढ भई हेभी सवारी साधनको चालक अनुमति पत्र प्राप्त गरेको,
- विद्युत प्राविधिकः साधारण लेखपढ भई Electrician तालिम तह १ उत्तीर्ण गरेको,

ख) कुनै फौजदारी अभियोग नलागेको,

ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको एवं महिलाको हकमा ४० वर्ष ननाघेको तथा हेभी सवारी चालकको हकमा ४५ वर्ष ननाघेको।

**२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ।

**३. दरखास्त दिने** स्थानः बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुर।

**४. दरखास्त दिने** अन्तिम मितिः २०८२/०२/१२ गते कार्यालय समय भित्र एवं उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र।

**५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः** तोकिएको दरखास्त दस्तुर सानिमा बैंक लि. बागमती शाखामा रहेको बागमती गाउँपालिका ग-१.१- आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

**६. परीक्षाको किसिमः** अन्तर्वार्ता एवं प्रयोगात्मक परीक्षा।

**७. परीक्षाको मितिः** पछि प्रकाशन गरिनेछ।

**८. कार्यविवरणः** गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम।

**९. करार अवधिः** २०८२ साल असार मसान्त सम्म।

२०८२/०१/२८

**१०. दरखास्त** फारामः यस गाउँपालिकाको वेभसाइट www.bagmatimunmakwanpur.gov.np मा प्राप्त गर्न सकिनेछ। साथै दरखास्त फाराम भरी गाउँपालिकाको Email: bagmatimun.makwanpur@gmail.com मा बुझाउन सकिनेछ।

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुढ्झुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

# करारको लागि दरखास्त फारम

(क) व्यक्तिगत विवरण

| | | | | |
|---|---|---|---|---|
| नाम थर | (देवनागरीमा) | | | लिङ्ग: |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | | |
| | नागरिकता नं. | | जारी गर्ने जिल्ला: | मिति |
| स्थायी ठेगाना | क. जिल्ला | ख. न.पा./गा.वि.स | ग.वडा नं. | |
| | घ. टोल: | ङ. मार्ग/घर नं. | च. फो नं. | |
| | | | ईमेल | |
| पत्राचार गर्ने ठेगाना: | | | | |
| बाबुको नाम, थर: | जन्म मिति: (वि.स. मा) | | (इति सम्वतमा) | |
| बाजेको नाम, थर: | हालको उमेर: वर्ष महिना | | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनमत शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/वोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्वन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटि वा लुकाएको ठहरीएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| | | |
|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहिछाप | | उम्मेदवारको दस्तखत |
| दायाँ | बायाँ | |
| | | मिति: |
| कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं. | रोल नं. | |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत<br>मिति | दरखास्त स्वीकृत/अस्वीकृत गर्ने दस्तखत<br>मिति | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत अन्य आवश्यक कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणीत गरी पेश गर्नुपर्नेछ।